# बैठक संख्याः ३३

आज मिति २०७५।०५।०१ गतेका दिन यस कनकाई नगरकार्यपालिकाका प्रमुख श्री राजेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा वडाअध्यक्ष तथा कार्यपालिका सदस्य सहितको उपस्थितिमा कनकाई नगरकार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा वसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति–

| | | |
|---|---|---|
| १. नगर प्रमुख | श्री राजेन्द्र कुमार पोखरेल– | |
| २. नगर उप प्रमुख | श्री मञ्जु प्रसाई– | |
| ३. वडा अध्यक्ष | श्री रोशन राज पोखरेल– | |
| ४. वडा अध्यक्ष | श्री परशुराम गिरी – | |
| ५. वडा अध्यक्ष | श्री रुद्र प्रसाद चिमरीया– | |
| ६. वडा अध्यक्ष | श्री गोविन्द प्रसाद पौडेल– | |
| ७. वडा अध्यक्ष | श्री कृष्ण वहादुर राई– | |
| ८. वडा अध्यक्ष | श्री लक्ष्मी प्रसाद ओली – | |
| ९. वडा अध्यक्ष | श्री लीला वहादुर कन्दङ्वा– | |
| १०. वडा अध्यक्ष | श्री प्रेम बहादुर कटुवाल– | |
| ११. वडा अध्यक्ष | श्री प्रेम प्रसाद राजवंशी– | |
| १२. कार्यपालिका सदस्य | श्री सिता अधिकारी– | |
| १३. कार्यपालिका सदस्य | श्री सावित्रा वर्देवा– | |
| १४. कार्यपालिका सदस्य | श्री चुवा लाल राजवंशी– | |
| १५. कार्यपालिका सदस्य | श्री देवेन्द्र कुमार दर्जी– | |
| १६. कार्यपालिका सदस्य | श्री कृष्ण माया भुजेल– | |
| १७. कार्यपालिका सदस्य | श्री सुनिता खरेल सिग्देल– | |
| १८. कार्यपालिका सदस्य | श्री नवलकिशोर दत्त कायस्थ– | |
| १९. कार्यपालिका सदस्य | श्री मुना बयलकोटी | |
| २०. कार्यवाहक वडा अध्यक्ष | श्री देवि प्रसाद अधिकारी | – |
| २०. सदस्य सचिव | श्री देवेन्द्र कार्की | |

## प्रस्तावहरु

१. उद्योग स्थापना सम्वन्धमा ।
२. कार्यालयको सुरक्षा सम्वन्धमा ।
३. जग्गा प्राप्ति सम्बन्धमा ।
४. आर्यघाटमा अनिधकृतरुपमा निर्माण भएको सरचना सम्वन्धमा ।
५. सहयोगको लागि अनुरोध गर्ने सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत आर्थिक वर्षवाट नै यस नगर क्षेत्र भित्र नगरपालिकाको समेत लगानिमा सार्वजनिक निजि सझेदारी अवधारणा बमोजिम उद्योग स्थापना गर्ने नीति रहेको र सो नीतिलाई निरन्तरता दिदै चालु आर्थिक वर्षमा सो कार्यको लागि बजेट समेत विनियोजन भएकोले उद्योग स्थापनाको लागि सम्भाब्यता अध्ययन, उद्योग दर्ता लगायतका कार्य सम्पादन गर्न एघार सदस्य समिति गठन गर्ने जस मध्य चार जाना नगरपालिकाको तर्फबाट र अन्य सदस्य सरोकारवलाहरुको भेलावाट छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरकार्यपालिकाको कार्यलयको सुरक्षाको लागि चौविसै घण्टा पाले पहराको आवश्यक भएकोले हाल चौकिदार पदमा कार्यरत दुई जानाबाट यो कार्य सम्भव नभएकोले हाल कार्यरत दुई जानालाई प्रदान गर्दै आएको कूल रकममा नपुग रकम सोही शर्षकबाट थप गरी कार्यलयमा चौविसै घण्टा पालेपहराको सेवा प्रदानको लागि सार्वजनिक सूचना प्रकाशन गरी सेवा खरिद गर्ने साथै उक्त सेवा खरिद पश्चात हाल कार्यरत चौकिदारहरुको सेवा करार स्वत समाप्त हुने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कनकाई नगरपालिकालाई बजार ब्यवस्थान लगायत अन्य प्रयोजनको लागि हाल कनकाई सामुदायिक वनको स्वामित्वमा रहेको सुरुङ्गा पशु वजार क्षेत्रको जमिन आबश्यक भएकोले सो जग्गा बरावर अन्य क्षेत्रको जमिन सामुदायिक वनलाई प्रदान गरी नियमानुसार सट्टा पट्टा गर्न थप जग्गा आवश्यक भएकोले जग्गा प्राप्ति ऐन बमोजिमको प्रकृयालाई ब्यवस्थित गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री गोविन्द प्रसाद पौडेल | संयोजक |
| श्री लक्ष्मी प्रसाद ओली | सदस्य |
| श्री प्रेम प्रसाद दाहाल | सदस्य |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरकार्यपालिकाको मिति २०७४/०९/०७ गतेको बैठक तथा नगर क्षेत्र भित्रका त्रियाशिल राजनैतिक दलसंग मिति २०७५/०४/१० गते बसेको वैठकको बाट कनकाई आर्यघाट क्षेत्रमा अनाधिकृत रुपमा आर्यघाटलाई नै असर पर्ने गरी पूर्णलाल श्रेष्ठले निर्माण गरेको संरचना हटाउन निजलाई निर्देशन दिने साथै निर्देशन बमोजिम कार्य नभएमा नियमानुसार हटाउने भनि निर्णय भएकोले पुन एक पटक निज पूर्णलाल श्रेष्ठसंग छलफल गरी निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्र भित्र रहेको कोच राजवंशी पर्यटन प्रवर्द्धन केन्द्र र कनकाई खेलकुद मैदान निर्माण गर्न आवश्यक सहयोगको लागि भारतीय राजदुतावासमा अनुरोध गर्ने निर्णय गरियो ।